आज मिति २०७३ साल पौष १२ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. लेखा अधिकृत श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय

२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

३. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

४. सामाजिक विकास शाखा प्रमुख श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

५ भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई.श्री नमेश गुरुङ्ग, र.न.पा. कार्यालय द

६ आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

७ खरिद तथा जिन्सी व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

८. सूचनाकेन्द्र प्रमुख श्री लिलानाथ अर्याल, र. न. पा. कार्यालय द

९. ने.न.क.ए. इकाई समिति रत्ननगरका प्रतिनिधी उपाध्यक्ष श्री शंकर गिरी द

१०. वातावरण विज्ञ श्री सन्ध्या रिजाल, र . न. पा. कार्यालय द

**निर्णय :**

**निर्णय नं.१:** सुस्त मनस्थिती राष्ट्रिय भेलाको लागि रु. ३०,०००।- (तीस हजार मात्र) नगर परिषद कार्यक्रम शिर्षक अनुसार उपलव्ध गराई न. पा. को तर्फबाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** बकुलहर मा. वि. रत्ननगर १ को गेट निर्माणको लागि विभिन्न संघ संस्था भैतिक पूर्वाधार निर्माण शिर्षकबाट रु. १,००,०००।- (एक लाख मात्र) उपलव्ध गराईएकोमा सो रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** पंचकन्या उच्च मा. वि. रत्ननगर १३, चितवन अन्तर्गत जुनियर रेडक्रस सोसाईटीको विविध रेडक्रस कियाकलाप संचालानार्थ रेडक्रस कार्यक्रम शिर्षकबाट व्यय हुने गरी रु. १०,०००।- (दश हजार मात्र) उपलव्ध गराई न. पा. को तर्फबाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** राममन्दिर वैदिक गुरुकुलम, रत्ननगर १३ लाई उच्च शिक्षामा सहयोगार्थ भौतिक पूर्वाधार निर्माणको लागि संघ संस्था पूर्वाधार निर्माण लागत साझेदारी शिर्षकबाट व्यय हुने गरी रु. २,५०,०००।- (दुई लाख पचास हजार मात्र) उपलव्ध गराई न. पा. को तर्फबाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** देवघाटधाम संरक्षण प्रतिष्ठान अष्टधातु संकलन सप्ताह ज्ञान महायज्ञको आयोजनामा संघ संस्था भौतिक पूर्वाधार निर्माण शिर्षकबाट रु. १५१,०००।- (एक लाख एकाउन्न हजार मात्र) उपलव्ध गराई न. पा. को तर्फबाट लागत साभेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** रत्ननगर न. पा. वडा नं. १४, गोरखाली टोलका स्थानिय वासिन्दाहरुबाट दशैं तिहारमा सडक वत्तीमा न.पा. को तर्फबाट रु. ८,०००।- (आठ हजार मात्र) उपलव्ध गराई लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** रत्ननगर न. पा. वडा नं. १० स्थित उत्पीडित कृषि सहकारी संस्था लि., रत्ननगरको माग वमोजिम संस्थाको भौतिक पूर्वाधार निर्माणमा सहयोगार्थ मोज्याक टायल विछ्याउने प्रयोजनका लागि संघ संस्था लागत साझेदारी शिर्षकबाट व्यय हुने गरी रु. १,००,०००।- (एक लाख मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८:** अखिल नेपाल महिला संघ (क्रान्तिकारी) जिल्ला समितिको माग वमोजिम नेतृत्व विकास तालिममा महिला लक्षित कार्यक्रमबाट रु. १०,०००।- (दश हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९:** श्रीकृष्ण प्रणामी मन्दिर टिकौलीको स्वर्ण महोत्सवमा न. पा. को तर्फबाट संघ संस्था लागत साझेदारी शिर्षकबाट रु. १,११,१११।- (एक लाख एघार हजार एकसय मात्र) र EFLG कार्यक्रमबाट ३(तीन) वटा सोलार वत्ति उपलव्ध गराउने साथै अन्य आवश्यक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०:** वैरिया मा. वि., रत्ननगर ८ लाई सिलिङ्ग पंखा जडानका लागि रु. ५०,०००।- (पचास हजार मात्र) CFLG कार्यक्रमबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११:** रत्ननगर न. पा. वडा नं. ७ निवासी विवेक दाहाललाई मेनिन्जाईटिस, मस्तिष्क टि.वी. साथै निमोनियाको उपचारमा सहयोगार्थ रु. ५,०००।- (पाँच हजार मात्र) र रत्ननगर ३ निवासी प्रमिला श्रेष्ठलाई व्रेन ट्यूमर उपचारमा सहयोग स्वरुप रु. ५,०००।- (पाँच हजार मात्र) आर्थिक सहयोग शिर्षकबाट व्यय हुने गरी उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२:** शहरी स्वास्थ्य क्लिनिक, रत्ननगर ५ को भवन मर्मतका लागि भौतिक पूर्वाधार निर्माण सहयोग शिर्षकबाट रु. ३०,०००।- (तीस हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३:** एम. एस. मिडिया एण्ड एडभरटाईजिङ्ग प्रा. लि. रत्ननगरको माग वमोजिम EFLG Documentry को लागि रु. ३५,०००।- (पैंतिस हजार मात्र) EFLG कार्यक्रमबाट उपलव्ध गराईएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** यस न. पा. का LGCDP Focal Person तथा सामाजिक विकास शाखा प्रमुख ना.सु.पुष्प राज आचार्यलाई संचार खर्च वापत मासिक रु. १,५००।- (पन्ध्र सय मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४:** नेपाल सुकुम्वासी सुधार समिति, रत्ननगरको माग वमोजिम डेंगु ज्वरो सम्बन्धि जनचेतनामुलक लघु बृत्त चित्र निर्माणमा सहयोगार्थ रु. १०,०००।- (दश हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५:** हाईस्कूलरोड टोल विकास संस्था, रत्ननगर २ लाई पार्किङ्ग व्यवस्थापन सहयोग स्वरुप रु. १२,१५०।- ( बाह्र हजार एक सय पचास मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६:** जनप्रगति साझा संस्था लि. रत्ननगर १८ लाई संघ संस्था भौतिक पूर्वाधार सहयोग शिर्षकबाट रु. ५०,०००।- (पचास हजार मात्र) उपलव्ध गराई न. पा. को तर्फबाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** रत्ननगर न. पा. वडा नं. १२ को आ. व. २०७३।०७४ को तपसिल वमोजिम वडा स्तरिय कार्यक्रमको वजेट रकमबाट, वडा नागरिक मंच र राजनितिक पार्टीको सहमती अनुसार अमेलियाचोकदेखि भीमबहादुर चोकसम्म बाटो उपभोक्ता समिति, रत्ननगर १२ को माग वमोजिम उक्त बाटोमा रहेको विधुत पोलहरु सार्ने कार्यक्रमको लागि रु. १,९०,०००।- (एक लाख नव्वे हजार मात्र) रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १. कृषक पशुपालन तालिम | रु. ५०,०००।- (पचास हजार) |
| २. मुडा बुन्ने तथा मोवाईल मर्मत तालिम | रु. ५०,०००।- |
| ३. गोवर व्यास अनुदान कार्यक्रम | रु. ९०,०००।- (नव्वे हजार) |
| | जम्मा रु. १,९०,०००।- (एक लाख नव्वे हजार) |